नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

**शिक्षक व्यवस्थापन समन्वय शाखा**

सानोठिमी, भक्तपुर

शाखा सम्पर्क नं. ०१-६६३५११३

प.सं. २०८०/८१ शि. व्य.

च.नं. 36

मिति २०८०/०५/०४

**विषयः निर्देशन सम्बन्धमा ।**

श्री शिक्षा विकास तथा समन्वय इकाई, ७७ वटै।

श्री स्थानीय तह, सबै।

प्रस्तुत विषयमा केही शिक्षा विकास तथा समन्वय इकाइबाट कतिपय शिक्षकहरु विदा स्वीकृत नगराई लामो अवधिसम्म विद्यालयमा अनुपस्थित रहने, विद्यालय र सम्बन्धित निकायले ताकेता गर्दा समेत जवाफ नदिने, सम्पर्कमा नआउने, लामो अवधिपछि राजिनामा पेस गर्ने एवं सेवा सुविधा प्राप्त गर्नका लागि सिफारिस माग गर्ने गरेको अवस्थामा के गर्ने भन्ने द्विविधा भएको व्यहोरा उल्लेख गरी निर्देशनका लागि यस केन्द्रमा लेखी आएको।

उक्त सम्बन्धमा शिक्षा ऐन २०२८ को दफा १६ङ को उपदफा (५) मा सामुदायिक विद्यालयको शिक्षक वा कर्मचारीलाई पदबाट हटाउने अवस्था, शिक्षा नियमावली २०५९ को नियम १३३ मा शिक्षकले पालन गर्नु पर्ने आचार संहिता र सोही नियमावलीको नियम १३५ देखि १४३ सम्म नियम विपरित कार्य गर्ने शिक्षकलाई गरिने सजाय सम्बन्धी कानूनी व्यवस्था रहेकै छ। उक्त अनुसार र अन्य प्रचलित ऐन, कानूनको प्रभावकारी रुपमा पालना गर्ने गराउने र कानून विपरितका कार्य हुन नदिने व्यवस्था गर्नु गराउनु हुन सम्बन्धित सबैलाई अनुरोध गरिन्छ। अख्तियार प्राप्त अधिकारीले नियम विपरित कार्यगर्ने शिक्षकलाई प्रचलित कानून बमोजिम कारबाही नगर्ने र कारवाहीको प्रक्रिया सुरु गरेपछि टुङ्गोमा नपुर्याई छाड्ने गरेका कारण विद्यालय र नेपाल सरकारलाई हुने हानी नोक्सानीका लागि सम्बन्धित अधिकारी समेत जिम्मेवार हुने व्यहोरा समेत निर्देशानुसार अनुरोध छ।

<u>बोधार्थः</u>

श्री शिक्षा विकास निर्देशनालय-सातओटै प्रदेश।

प्रेम भट्टराई

निर्देशक